# भूमण्डलीकरणका सन्दर्भमा राजेन्द्र भण्डारीको 'ईस् पढ्छु तेरो कविता'

– **बुनु शर्मा**
नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय

**सार** – राजेन्द्र भण्डारी समकालीन भारतीय नेपाली कवि हुन्। यस लेखमा राजेन्द्र भण्डारीको **क्षर/अक्षर** (इ सं १९९८) कविता सङ्ग्रहमा सङ्कलित 'ईस् पढ्छु तेरो कविता'–को अध्ययन भूमण्डलीकरणका सन्दर्भमा गरिएको छ। भूमण्डलीकरण बहुआयामिक शब्दावली हो। यसको क्षेत्र पनि बहुआयामिक रहेको हुन्छ। यसको प्रभाव विश्वका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा हुँदै आएको देखिन्छ। राजनीतिक तहसँग सामाजिक, सांस्कृतिक र आर्थिक संरचना तथा वातावरणीय क्षेत्र पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएर आएको हुन्छ। साहित्य पनि यिनै संरचनाको वस्तुगत परिप्रेक्ष्यसित सम्बद्ध कलात्मक उपज हो। भूमण्डलीकरणका विशेषता, उद्देश्य र प्रक्रियाहरूको अध्ययन गर्दा यसलाई नवमार्क्सवादी फ्रेडरिक जेमेसनले पुँजीवादको पहिलो चरण हो भनेर तर्क राखेका छन्। यसलाई घनश्याम नेपाल (इ सं २०१४, पृ–१८)–ले 'प्रौढ पुँजीवादको प्रधान सांस्कृतिक तर्क'– का रूपमा अर्थ्याएका छन्। यस लेखमा प्रस्तुत कवितामा चित्रित नागर क्षेत्र र त्यहाँ बाँच्ने आत्मकेन्द्रित व्यक्तिको दिनचर्यामा भूमण्डलीकरणका अभिलक्षणहरू के कसरी प्रकट भएका छन् भन्ने कुरा केलाउने प्रयास भएको छ। पुँजी सञ्चयन गर्ने व्यवस्थाका निम्ति पुँजीवादीहरूले निर्माण गरेका अदृश्य कारागृहहरू ग्रामीण क्षेत्रमा भन्दा नागर क्षेत्रमा अधिक रहेका देखिन्छन्। नागर क्षेत्रका व्यक्तिहरू कसरी नेपथ्यको कारागृहमा दैनन्दिन अभ्यस्त हुँदै गइरहेका हुन्छन्, त्यसको वास्तविकता यस कविताले दर्साएको छ। मुख्यतः भूमण्डलीकरणको

सांस्कृतिक अभिलक्षणलाई यस लेखमा स्थान दिइएको छ। यसैले यस कवितामा पनि भूमण्डलीकरणका सांस्कृतिक अभिलक्षणहरूसँगै कवितामा चित्रित नागर समाजको मूल्याङ्कन गरिएको छ।

**बीज शब्द** – भूमण्डलीकरण, पुँजीवाद, बजार, उपभोक्तावाद र वर्णसङ्कर संस्कृति।

## १ भूमण्डलीकरणको अर्थ र परिचय

शाब्दिक अर्थमा 'भूमण्डलीकरण' भन्नाले कुनै वस्तु वा विचारको सम्पूर्ण भूखण्डमा हुने प्रभाव वा विस्तार भन्ने बुझिन्छ। यो आर्थिक विकासको परिष्कृत रूप हो। भूमण्डलीकृत प्रक्रियामा विश्वव्यापी रूपमा वस्तु, सेवा, पुँजी, प्रविधि, श्रम र सञ्चारजस्ता पक्षहरूको निर्वाध आवागमन हुँदछ। यसको अवधारणा इ सं १९८०–का दशकमा 'स्ट्रक्चरल एड्जस्टमेन्ट प्रोग्राम'–बाट बढी प्रचलनमा आएको हो। तर यो नयाँ विषय होइन। यसका विशेषताहरू प्रथम विश्वयुद्ध (इ सं १९१४)–देखि स्पष्ट रूपमा देखिए तापनि यसभन्दा अघिको विश्व व्यवस्थामा पनि यो विद्यमान थियो। अझ भन्नु हो भने मानिस भूमण्डलीय प्रक्रियामा हजारौँ वर्ष पहिलेदेखि नै रहँदै आइरहेको छ। एउटा ठाउँबाट अर्का ठाउँमा जानु, यात्रा गर्नु, सम्बन्ध सूत्रहरूको विस्तार गर्नु जस्ता कुराहरू प्राचीन कालदेखि नै चलेर आइरहेका छन्। पुँजीवादी व्यवस्थाको आरम्भपूर्व यी कार्यहरूको प्रयोग समाज व्यवस्थालाई एकाअर्कामा जोड्नाका निम्ति गर्दिँदै आएको देखिन्छ। तर वर्तमान समयमा भने भूमण्डलीकरणले कुटनैतिक रूपमा उदार पुँजीवाद, समकालीन पुँजीवादका आडमा पुँजी सञ्चयनका निम्ति विभिन्न प्रक्रियाहरू चलाउँदै आएको देखिन्छ। यसलाई सूचना तथा प्रविधिमा आएको क्रान्तिले गर्दा अझ छिटो र छरितो पाराले फराकिलो बनाएको देखिन्छ। वर्तमानमा भूमण्डलीकरणको अध्ययन गर्नु भनेको मूलतः प्रविधिको काँधमाथि चढेर विश्वव्यापी रूपमा रहेको पुँजीवादको आर्थिक, राजनीतिक, सांस्कृतिक अभीष्ट र आधिपत्य एवम् तदनुरूपका क्रियाकलापको अध्ययन गर्नु हो (गिरी, विसं२०७५, पृ–८–९)। भूमण्डलीकरणलाई यसै आधारमा परिभाषित गरिएको पाइन्छ।

भूमण्डलीकरणका मुख्य आधार हुन्– व्यापार र अन्तर्राष्ट्रिय बजार। वर्तमान समयमा कुनै पनि मुलुक विश्वव्यापीकरणको प्रक्रियाबाट पूर्णरूपमा अलग रहन सक्दैन। यसका कारणले विश्वमा पुँजी प्रवाह, वैदेशिक सहायता, विशेष क्षेत्रमा निवेश (पोर्टफोलियो लगानी), प्रत्यक्ष वैदेशिक लगानी र निजी क्षेत्रको लगानी सम्भव भएको देखिन्छ। यसबाहेक यसले गर्दा सेवा व्यापार प्रतिस्पर्धी भएर स्वतन्त्र रूपमा काम गर्ने भएको देखिन्छ। विश्वमा प्रत्यक्ष वैदेशिक लगानीबाट विचार, प्रविधि, पुँजी, प्राविधिक ज्ञान, सिप, उत्पादन प्रणाली, आर्थिक नीति र व्यवस्थापन प्रणाली जस्ता कुराहरू आएका देखिन्छन्।

भूमण्डलीकरणका प्रमुख उपलब्धि वित्तीय प्रवाहमा सहजता, उत्पादनमा अभिवृद्धि, स्वचालित

अर्थतन्त्र र सुशासन व्यवस्था हुन्। मानवीय क्षेत्रहरूमा भने मानव अधिकारको वकालत गर्ने, सहभागितामूलक लोकतन्त्र व्यवस्थित राख्ने, शरणार्थी आप्रवासन सुगम बनाउने र संसारमा श्रमशक्ति व्यवस्थित बनाउने आदि यसका अभिलक्षणहरू देखिन्छन्। सांस्कृतिक क्षेत्रमा हेर्दा भाषा, साहित्य, सङ्गीत, कला, संस्कृति र पर्यटन आदिले विश्वमा नै प्रदर्शन सम्भव बनाउने कार्य गर्दछ।

भूमण्डलीकरणको विकास प्रक्रियाको अध्ययनका क्रममा यसलाई विभिन्न चरणहरूमा अध्ययन गर्न सकिन्छ तर पुँजी सञ्चयनको तात्पर्यमा भन्ने हो भने यसको पृष्ठभूमि निर्माण पहिलो र दोस्रो विश्वयुद्धको अन्त्यपछि मात्र आरम्भ भएको देखिन्छ। पाश्चात्य जगत्को साम्राज्यवादी नीतिको विस्तार हुनाको कारकतत्त्व पुँजीसञ्चय नै रहेको मानिन्छ। दोस्रो विश्वयुद्धपछि पुँजीवादले भूमण्डलीकरणको भेषमा विभिन्न नवनिर्मित प्रलोभन देखाउँदै आधिपत्य कायम राख्दै आएको देखिन्छ। यसैले भूमण्डलीकरणका व्याख्याता माइकल पी टोडारोको भनाइलाई राख्दै अमर गिरीले यसलाई वर्तमान समयको साम्राज्यवाद भन्न रुचाएका छन्। अझ उनी भन्छन्– ''भूमण्डलीकरण भनेको राष्ट्रिय अर्थतन्त्रको अन्तर्राष्ट्रियकरण हो'' (गिरी, वि सं २०७५, पृ–९)।

वर्तमान समयमा यसको अर्थ र परिभाषा समयसापेक्षिक भई व्यापक बन्दै गएको पाइन्छ। यसको कुनै सर्वमान्य र एकत्रित परिभाषा पाइँदैन। मूलतः यो एउटा गतिशील र सर्वमान्य रूपमा चलिरहने प्रक्रिया हो। पुँजी, श्रम र बजारको विश्वव्यापी सञ्जालले नै समसामयिक पुँजीवादी साम्राज्य उभ्याउन सकिने स्पष्ट खाका कोरेको देखिन्छ। इ सं १९७०–का मध्यतिर विश्वका विकसित मानिने राष्ट्रहरूले आफ्नो आधिपत्यलाई निरन्तरता प्रदान गर्न एउटा नयाँ प्रकारको अन्तर्राष्ट्रिय अर्थव्यवस्था आरम्भ गर्ने चाँजो मिलाएका थिए। यसका कारणले कुनै पनि राष्ट्रले गर्ने व्यापार, मुद्रा र पुँजी बजारमाथि राष्ट्रका नियन्त्रणको अन्त्य गर्ने वा राजकीय नियन्त्रणबाट मुक्ति हुने कार्य गरेको देखिन्छ। फलस्वरूप यसैबाट अधिकांश राष्ट्रको सार्वजनिक उद्योगहरूको निजीकरण गर्ने व्यवस्थाको आरम्भ भएको थियो। अर्का शब्दमा भन्नुपर्दा यस्ता व्यवस्थाले गर्दा निजी उद्योग तथा बहुराष्ट्रिय कम्पनीहरूले विश्वको अर्थव्यस्था नियन्त्रणमा लिने कार्य भयो। यसैबाट एउटा नयाँ समयको आरम्भ र भूमण्डलीकरणको नामकरण भएको अनि यी उल्लिखित कुराहरूसँगै भूमण्डलीकरणको धारणा जोडिएको बुझ्न सकिन्छ। भूमण्डलीकरणलाई पुँजीवादको विकासको वर्तमान चरणका रूपमा अर्थ्याउनाका मुख्य कारणहरू रहेका छन्।

समकालीन भूमण्डलीकरणको प्रक्रियामा 'वासिङ्टन आमसहमति'–को महत्त्वपूर्ण भूमिका रहेको छ। वासिङ्टन आमसहमति इ सं १९८९–मा अङ्ग्रेजी अर्थशास्त्री जोन विलियम्सले समुच्चय गरेको बृहत् आर्थिक नीतिसँगै अस्तित्वमा आएको हो (स्टेगर र अय, इ सं २०१०, पृ– IX-X)। यसका कारणले आर्थिक रूपले कमजोर राष्ट्रहरूले विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, अमेरिकी ट्रेजरी र अन्य ऋण दिने निकाय आदिबाट आर्थिक सहयोग लिएर आफ्नो देशमा विकास कार्य गर्ने परिकल्पना गर्दछन्।

तर यसका पछाडि अमेरिकाको औद्योगिक मुक्त बजारका निहित स्वार्थहरू रहेका हुन्छन्। फलस्वरूप यसैलाई अवलम्बन गर्दै अमेरिकाले विश्वमा एकछत्र शक्तिशाली राष्ट्र भएर स्ववर्चस्व कायम राख्दै आएको देखिन्छ। यसैबाट यसले आफ्ना राजनीतिक, सांस्कृतिक स्वार्थ फैलाएको हुन्छ। आर्थिक रणनीतिको बाटो बनाउनु अमेरिकाको मुख्य उद्देश्य देखिन्छ (गिरी, वि सं २०७५, पृ–९)। यसैबाट आर्थिक रूपले कमजोर राष्ट्रहरू एउटा समयमा आएर ऋण लिन बाध्य भएका हुन्छन्। यसका निम्ति संसारका विभिन्न राष्ट्रहरूमा उदारवाद र नवउदारवादले टेवा पुऱ्याउने कार्य गरेको थियो। प्रकारान्तरले भन्नु हो भने यी देशहरूमा भित्र्याइएका उदारवादी र नवउदारवादी नीतिहरू सोद्देश्यमूलक कार्यहरू हुन्। वर्तमान समयमा विश्वका तेस्रो मुलुकहरूको आर्थिक मेरुदण्ड कमजोर बनाउने कारकतत्त्व अधिकांश अर्थविद्हरूले यिनैलाई मानेका छन्।

विश्व राजनीतिको अवलोकन गर्दा उदारवादको प्रादुर्भाव विश्वमा राजतन्त्रदेखि लोकतन्त्रको आवाज उठाउन थालेदेखि (दोस्रो विश्वयुद्धताका, इ सं १९३९) भएको हो। यसले व्यक्ति स्वतन्त्रतामा राज्यको कुनै हस्तक्षेप हुनुहुँदैन भन्ने कुरामा जोड दिन्छ। यसले राष्ट्रको सम्प्रभुता शक्तिको सम्मान गर्दछ। यसैगरी अर्कातिर यसले विश्वका कुनै पनि राष्ट्रसित भातृत्वको सम्बन्ध राख्दै विश्वबन्धुत्वको भावना अनुसार व्यवहार गर्नु पर्ने कुरामा पनि विशेष जोड दिन्छ।

नवउदारवादले परम्परागत उदारवादकै आर्थिक स्वतन्त्रता सम्बन्धी सिद्धान्तलाई महत्त्व दिन्छ। यसले देशको सरकारी व्यवस्थामा रहेका आर्थिक आर्जनयुक्त औद्योगिक संस्थाहरूलाई भत्काएर व्यक्तिगत आर्थिक स्वतन्त्रतामा जोड दिन्छ। फलस्वरूप यसले व्यापारिक सङ्गठन, पुँजी भएका व्यक्ति र तिनीहरूको व्यक्तिगत आर्थिक क्रियाकलापलाई मात्रै महत्त्व दिएको र पोषण गरेको पनि देखिन्छ। यसैले यस्ता व्यवस्था व्यक्ति व्यापार केन्द्रित, बजार केन्द्रित र मुक्त बजार केन्द्रित विचारधारा हुन् भन्न सकिन्छ। नवउदारवादले एल पी जी नीतिनियमअनुसार निजी रूपमा सबल वा अन्तर्राष्ट्रिय बजारमा पहुँच भएका व्यापारिक सङ्गठनलाई अझ पुँजी सञ्चय गर्नमा सहयोग गर्दछ। एल पी जी भन्नाले अङ्ग्रेजी भाषाको लिबरलाइजेसन (उदारीकरण), प्राइभेटाइजेसन (निजीकरण), र ग्लोबलाइजेसन (भूमण्डलीकरण)–को संक्षिप्त रूप हो। उदारीकरण अन्तर्गत सरकारले रोजगारका विभिन्न क्षेत्रमा रहेको आफ्नो नियन्त्रणलाई खुकुलो पार्छ र त्यसमा निजी क्षेत्रलाई व्यापारिक विस्तार गर्न दिइन्छ। निजीकरण अन्तर्गत सरकारले उद्यमहरूको स्वामित्व वा व्यवस्थापन निजी क्षेत्रलाई हस्तान्तरण गर्दछ। यस्तै विश्वव्यापीकरण अन्तर्गत देशको अर्थतन्त्र वैदेशिक व्यापार र विदेशी लगानीमा केन्द्रित भएर विश्व अर्थतन्त्रसँग एकत्रित भएको देखिन्छ (काबरा, इ सं २०१०, पृ–२३)। यसैले राष्ट्रमा स्वदेशी कम्पनी जस्ता आर्थिक संस्थाहरू एकातिर देखिन्छन् भने सामूहिक हितलाई केन्द्रमा राखेर निर्माण गरिएका अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरका राजनीतिक संस्थाहरू अर्कातिर देखिन्छन्।

प्रत्यक्ष रूपमा हेर्दा भूमण्डलीकरणका सकारात्मक पक्ष जस्ता देखिने कुराहरू हुन्– विश्वलाई भू–राजनीतिक रूपमा निकट बनाउनु र यसबाट राष्ट्रहरू पनि लाभान्वित भएको बनाउनु, परस्पर सहयोग र मित्रता बढेकाले सामूहिक चुनौतीहरू समेत निमिट्यान्न पार्ने संस्थाका रूपमा यसलाई परिभाषित गर्नु आदि। यसमा पनि ठुल्ठुला पुँजीवादी राष्ट्रहरू वा पहिलो विश्वका राष्ट्रहरू भूमण्डलीकरण विषयका निर्णायक संस्थामा आबद्ध हुन्छन्। यसैले अन्तर्राष्ट्रिय वा क्षेत्रीय स्तरमा निर्मित संस्थाहरू प्रमुख पुँजीवादी राष्ट्रका हितकै पक्षमा निर्देशित हुन्छन्। यहाँ आएर भन्न सकिन्छ भूमण्डलीकरणको आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षहरू एकाअर्कामा जोडिएका हुन्छन्। भूमण्डलीकरणका अभिलक्षणहरूलाई चिह्नित गर्नाका निम्ति पनि यसका सांस्कृतिक विशेषताहरू रेखाङ्कित गर्न आवश्यक देखिन्छ। तर भूमण्डलीकरणका आर्थिक र राजनीतिक पक्षहरूलाई भिन्न गरेर सांस्कृतिक पक्षको मात्रै विश्लेषण गर्न सकिँदैन। यस प्रकारका अभिलक्षणहरू अमर गिरी (वि सं २०७४, पृ–९)–ले **भूमण्डलीकरण र साहित्य** पुस्तकमा सातवटा मानेका छन्। जसको चर्चा 'ईस् पढ्छु तेरो कविता'–को विश्लेषण गर्ने क्रममा गरिनेछ। यी अभिलक्षणहरूलाई ऐतिहासिक प्रक्रियामा नहेरेर समकालीन संस्कृतिलाई समेत प्रभावित पार्ने केन्द्रीय तत्त्वका रूपमा हेर्नु युक्तिसङ्गत देखिन्छ। प्रमोद कुमार नायर (इ सं २०११, पृ–१०)–ले पनि वैश्विक संस्कृतिलाई पश्चिमी सांस्कृतिक उत्पादनको विश्वव्यापीकरणका रूपमा अर्थ्याउँदै यसलाई उपभोक्तावादी संस्कृतिका रूपमा विश्लेषण गरेका छन्। वस्तुतः भूमण्डलीकरणको सांस्कृतिक अभिलक्षणलाई कवि राजेन्द्र भण्डारीको 'ईस् पढ्छु तेरो कविता'–का सन्दर्भमा राखेर अध्ययन गर्दा सान्दर्भिक देखिन्छ।

## २ 'ईस् पढ्छु तेरो कविता' र भूमण्डलीकरण

भारतमा नेपालीहरू एकातिर हामी भारतीय हौँ भन्ने राष्ट्रियताको बोधले पिरोलिएका अवस्थामा छन् भने अर्कातिर भारतको पश्चिम बङ्गाल राज्यमा 'आन्तरिक औपनिवेश'–का परिधिमा बाँच्न बाध्य छन् (सुब्बा र अन्य, २०११, पृ–११)। वर्तमान समयमा भने कतै राष्ट्र वा कतै राज्यको शक्ति, सत्ता र पुँजीको महाप्रवाहमा हेलिँदै आएर उनीहरू मानव इतिहासको प्रभावमुनि थिचिएर बाँचेका छन्। वर्तमान विश्वमा अवस्थित भूमण्डलीकरणको जाँतोमा पिसिएर नागर जीवनका अधिकांश व्यक्तिहरू वस्तुमा रूपान्तरित हुँदै आएको पनि बोध हुन्छ। यिनै अवस्थामा कवि भण्डारी मौन बस्न सकेका छैनन्। उनलाई राजनीतिमा देखिएको विचलन एवम् जीवन र जगत्का विसङ्गति, विरोधाभास र विपर्यासहरूले त्यतिकै विचलित बनाउँछ। फलस्वरूप प्रस्तुत कविता यिनै संरचनाहरूको उपज हो। प्रस्तुत कवितामा नागर समाजमा जीवित मध्यमवर्गीय व्यक्तिलाई देखाइएको छ, जो आत्मकेन्द्रित विषयमा मात्र सीमित रहेको देखिन्छ। मध्यमवर्गलाई अर्थतन्त्रको आधारस्तम्भ पनि मानिन्छ। तर उक्त व्यक्ति भूमण्डलीकरणको

प्रक्रियामा व्यक्तिवाद एवम् उपभोक्तावादको सिकार बन्न पुगेको छ। पश्चिमी संस्कृति र मूल्यलाई मात्र श्रेष्ठ मान्ने मनोविज्ञानको विकासले गर्दा उसको आत्ममूल्याङ्कन गर्ने र वर्तमान स्थितिको आलोचना गर्ने चेतनामा ह्रास आएको देखिन्छ। कवितात्मक पात्र 'म'-को आफ्नो मौलिक संस्कृतिको हरण भएको कुरो कवितामा वर्णन गरिएको छ। यसैले ऊ आफू बसेको राष्ट्र, प्रगतिशील संस्कृति र साहित्यप्रति आक्रमणात्मक बनेको छ। कवितामा मानिसको दैनिक जीवनमा चाहिने सौन्दर्यको समेत वस्तुकरण (कमोडिफिकेसन) भएको कुरो पनि उल्लेख गरिएको छ। त्यसपछि ऊ क्षणिक उत्तेजनामा चिप्लिएर 'वस्तु'-मा रूपान्तरित भएको तथ्य यसरी देखाइएको छ–

कस्तो बिजी छु पूजा गर्न पनि भियाउँदिनँ।
दीयो बलिरहनू भनेर बिजुलीको बल्बलाई अह्राएको छु।
आरतीको जिम्मा क्यासेटलाई दिएको छु।
मलाई बुझिदिन्छ मेरो भगवानले।
...
न्याय इट इज एन् आउटडेटेड कन्सेप्ट्।
धर्म? आक् थू।
मानवाधिकार? आक् थू।
दया, धर्म, करुणा? आक् थू।
(भण्डारी, इ सं २०१८, पृ-८२)

यसर्थ यस कवितामा भूमण्डलीकरणको प्रभावलाई कविताको अन्तर्वस्तु र रूप दुवैमा नियाल्न सकिन्छ। भूमण्डलीकरणका सांस्कृतिक पक्षको विश्लेषणसँगै यस कवितामा चित्रित अवस्थालाई निम्नलिखित उपशीर्षकमा अध्ययन गरिन्छ।

### २.१ समरूपीकरण

सांस्कृतिक भूमण्डलीकरणको मुख्य उद्देश्य संस्कृतिको समरूपीकरण हो। यस कवितामा उक्त आत्मकेन्द्रित व्यक्तिले ठुला उद्योगहरूबाट उत्पादित सांस्कृतिक उत्पादनहरूमा आफैलाई पनि समाहित गर्दै लगेको देखिन्छ। भूमण्डलीकरणको बढ्दो चर्चाको मुख्य कारण सूचनाप्रविधि र सञ्चारको अभूतपूर्व विकास हो। औद्योगिक युगमा विकसित वैज्ञानिक बुद्धिवाद, शिक्षा, स्वास्थ्य, यातायातको विकास, वैद्युतिक सञ्चारमा आएको क्रान्तिले अझ यसलाई तीव्रता दियो। अर्थतन्त्रमा खुलाबजार तथा स्वतन्त्र

व्यापारले प्रोत्साहन पाएपछि त्यसलाई सशक्त पार्ने काम सूचना र सञ्चारले नै गरिरहेछन्। यसैले ऊ घरमा नै बसेर हिन्दी क्यासेट हेर्ने, अश्लील (डर्टी) जोक्स सुन्ने, कमिक्स पढ्ने आदि कार्यमा सङ्लग्न रहने कुरा कवितामा आएका छन्।

घरै बसेर सुन्छु बाबा सहगल, सामन्था फक्स, म्याडोना।
बरू पढ्छु डर्टी जोक्स, कमिक्स्।
मिल्स एण्ड बुन्स, हेरल्ड रबिन्स,
फूर्सद छ, घुम्न निस्कन्छु।
कि त सुतिरहन्छु, सुतेर हाइ गर्छु।
के के सम्झिन्छु। के के के गर्छु बरू।
ईस् पढ्छु तेरो कविता।
(भण्डारी, इ सं २०१८, पृ-८३)

बहुलता र विविधता भुमण्डलीकरणको मुख्य नारा हो। भूमण्डलीकरणले एकातिर स्थानीयताको कुरा गर्दछ भने अर्कातिर वैश्विक नियोजित संरचना वा आफ्नो परियोजनाभित्र स्थानीयतालाई स्थान नै दिएको हुँदैन। यस्तै कवितामा उक्त पात्रले आफ्नो स्थानीय वस्तुसँगै आफ्नो मौलिकता हराइसकेको छ। उसको मोह पहिलो र दोस्रो विश्वमा निहित वा सुलभ उपलब्ध हुने वस्तुप्रति रहेको देखिन्छ। यसरी ऊ समाजका अन्य व्यक्तिहरूलाई पनि जगाउँदै दुनियाँलाई पश्चिमी संस्कृति अनुरूप बनाउने परियोजनामा सहयोग पुऱ्याउने साधक बनेको देखिन्छ। यस सन्दर्भमा आलोचकहरूले वर्तमान संसार पश्चिमी संस्कृतिअनुसार नक्कल गर्ने वा कार्बन कपीजस्तो हुँदै गरेको कुरा राखेका छन्। यस प्रक्रियामा सघाउ पुर्याउँदै भूमण्डलीकरणको व्यापक हित सहज रूपमा यससित जोडिएको हुन्छ। कवितामा ऊ पात्रले भूमण्डलीकरणका बलिया योजनाहरूलाई सहज रूपमा ‘मलाई के चासो’ भन्दै अदेखा गरेको देखिन्छ। यसरी भूमण्डलीकरणले राष्ट्रिय र स्थानीय संस्कृतिलाई मारेर पाश्चात्यीकरणलाई भित्र्याएको छ र मानिसका जीवनमा भने यान्त्रिक र एकरूपतालाई बढाएको देखिन्छ। वास्तवमा पश्चिमी प्रभुत्व बढ्नाले साना राष्टहरू शिर उठाउन असमर्थ हुन्छन् र त्यहाँका मान्छेमा हीनभाव जाग्दै जान्छ।

### २.२ बजारीकरण

पुँजीवादी युगमा संस्कृतिको बजारीकरणले संस्कृतिलाई बजार अनुकूल बनाउने, लोकप्रिय कला जन्माउने र यसैले व्यक्तिको स्वआलोचनात्मक विचारमा ह्रास उत्पन्न गर्ने विषयहरू परिभाषित गर्दछ।

प्रस्तुत कविताको वर्णित पात्र रम्मी खेल्ने, इङलिस क्रिया (एक्सन) मनपराउने, भगवान्को आरती क्यासेटलाई जिम्मा दिने, दियो बाल्ने काम विद्युत (बल्ब)–लाई जिम्मा दिने, घरमै बसेर बाबा सहगल, म्याडोना आदिका गीत सुन्ने कार्यहरूसँग सङ्लग्न हुन्छ। जसलाई उपरोक्त कवितांशमा देखाइको छ। यसरी कुनै पनि व्यक्तिमा आएको यस्ता पुँजीसञ्चयन गर्ने विचारधारा सुखवाद (हिडोनिज्म)–मा आएर जोडिएको हुन्छ। यिनै कुराहरू सुखवादबाट फेरि बजारीकरणमा गएर रोकिएको छ। ज्ञानेन्द्रिय एवम् कर्मेन्द्रियलाई मोज दिने साधन र समानको उपयोगले मानिस उपभोक्तामा आकृष्ट हुन्छ। 'म' पात्रले समयानुकूल मौलिक ठानेर अभ्यस्त भइसकेको संस्कृति वास्तवमा वस्तुकरणको राम्रो उदाहरण बन्न पुगेको छ। मूलतः संस्कृतिको वस्तुकरण मानिसको नै वस्तुकरण हो। बजारीकरणमा लोकप्रिय संस्कृतिको मुख्य भूमिका हुन्छ। लोकप्रिय संस्कृति निर्माणका पछाडि पुँजीवादी संस्कृतिका बलिया योजनाहरू हुन्छन्। यसैले भूमण्डलीकरणको बजारीकरण सामाजिक क्रियाकलापरहित आलोचनाविहिन वा फुर्सदिलो वर्गका निम्ति अदृश्य कारागृह जस्तो प्रतीत हुन्छ। यसर्थ बजारीकरणको नेपथ्यमा क्रियाशील शक्तिको रहस्य बुझ्नु नै समयानुकूल बुद्धिमता रहने देखिन्छ। यसरी कविताले बजारीकरणको नकारात्मक पक्षलाई देखाएर सचेत पाठकलाई समयानुकूल सक्रिय बन्नुपर्ने कुरामा ध्यानाकर्षण गरेको छ।

### २.३ उपभोक्तावाद

उपभोक्तावादी संस्कृतिको निर्माणमा सूचना प्रविधिको भूमिका सबैभन्दा महत्त्वपूर्ण रहेको हुन्छ। यथार्थको छल गर्नु नै वर्तमान प्रौद्योगिकीको मुख्य विशेषता हो। मानिसको स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानवीय गरिमा र सौन्दर्य सबै उपभोगमा गएर तिरोहित हुन्छन्। यसले मानिसलाई अतर्कवादी र बुद्धिहीन बनाउँदै समस्त ध्येय उपभोगमा मात्रै समाहित हुने कार्य हुन्छ। यसले मानिसलाई विस्तारै वस्तुमा रूपान्तरित गर्दै लान्छ। यस कवितामा उपभोक्तावादी संस्कृतिको बढोत्तरी भएको देखाइएको छ। यही उपभोक्तावादी संस्कृतिले बजारीकरणको स्थान लिएको छ। यसैले कवितामा 'म' पात्र सजिलो, छिटो, सहजै उपलब्ध हुने र उपभोग गर्न सकिने वस्तुतर्फ उन्मुख बनेकोछ। उपभोग गर्नामा बाधा पुऱ्याउने कानुन, मानवता र पर्यावरण आदिलाई उसले काम नलाग्ने मरिसकेको विचारधारा (आउटडेटेड कन्सेप्ट)–को संज्ञा दिएको छ। फलस्वरूप कवितामा 'म' पात्रले आफैलाई अत्याधुनिक मानव भएको अनुभव गर्दै समाजलाई प्रश्न गर्दछ–

के–को कविता न सविता।  
कविताले बिल्डिङ बनिन्छ?  
कविताले छोरो इन्जिनियर हुन्छ?

कविताले मेरो डायबिटिज ठीक हुन्छ?
(भण्डारी, इ सं २०१८, पृ - ८२)

मानवता, नवसिर्जनशील हुने चेतना वा ज्ञान हराइसकेपछि फगत 'म' पात्र प्रश्न नै प्रश्नका घेरामा सूचना बटुल्ने मानव मात्रै भएको छ। उपभोक्तावादी संस्कृतिले मौलिक साहित्य, मौलिक संस्कृति वा उदात्त सांस्कृतिक मूल्यलाई पाखा लगाउने कार्य गर्दछ। यस कवितामा 'म' पात्रले प्रश्न गर्छ–

के अरे भानुभक्त होइन कवि भनेको?
लक्ष्मीप्रसाद पौड्याल कि लेखनाथ देवकोटा यस्तै के होइन?
भइगयो त फेरि।
के–को कविता न सविता?
(भण्डारी, इ सं २०१८, पृ–८२)

यसरी उपभोक्तावादी संस्कृतिले मानवलाई चेतनाशून्य बनाउँदै असामाजिक र उन्मादित व्यक्ति बनाउँदै लान्छ। वास्तवमा उपभोक्तावादी संस्कृतिमा मौलिक उदात्त सांस्कृतिक मूल्यहरू अर्थहीन हुँदै जान्छ र पुँजीवादी संस्कृतिको सारतत्त्व मात्रै अगाडि आएको हुन्छ। यसैले 'म' पात्रलाई आफ्नो स्वजातीय आदिकवि, महाकवि र कविशिरोमणि जस्ता कवि विषयक केही ज्ञान हुँदैन। उनलाई आफ्नो उदात्त सांस्कृतिक मूल्यहरू अनुल्लेख्य, महत्त्वहीन र अतिसाधारण मात्रै लाग्दछ। यिनै मौलिक संस्कृति र विचारधाराप्रतिको अविश्वासले गर्दा उसमा आत्मवाची दृष्टिकोण विकास भएको छ र ऊ वैचारिक अस्पष्टतामा पनि अल्मलिएको देखिन्छ।

### २.४ वर्णसङ्कर संस्कृति

भूमण्डलीकरणको संस्कृति र स्वराष्ट्रिय संस्कृतिको मिश्रणबाट वर्णसङ्कर संस्कृतिको निर्माण हुँदछ। वर्चस्वकारी संस्कृतिले अथवा पहिलो र दोस्रो विश्वको संस्कृतिले तेस्रो विश्वको राष्ट्रिय संस्कृतिलाई बिस्तारै रूपान्तरित गर्दै लान्छ। वर्णसङ्कर संस्कृतिको निर्माण औपनिवेशिक युगदेखि नै हुँदै आएको भए तापनि भूमण्डलीकरणको प्रभावमा आइपुग्दा यो अझ फस्टाएर गएको छ। यस कवितामा 'म' पात्रको चरित्र चेतनाशून्य देखिन्छ, आफ्नो मौलिकतामा विश्वास हराउँदै गएको देखिन्छ। उसलाई पश्चिमी संस्कृतिको मात्र नक्कल गर्ने बानी लागेकाले विदेशी भाषा, साहित्य तथा संस्कृति मात्रै उच्च हुन्छन् भन्ने भावना उसमा विकसित भएको पनि देखिन्छ। अर्का शब्दमा भन्नुपर्दा ऊ आफ्ना संस्कृति, साहित्य,

लेखन, सङ्गीतका परम्पराहरू पश्चिमेली सांस्कृतिक मूल्यहरू भन्दा वा वर्चस्वकारी सांस्कृतिक मूल्यमान्यता भन्दा कमजोर हुन्छन् भन्ने हीनभावनाले ग्रसित भएको छ।

वर्णसङ्कर संस्कृतिको निर्माणमा धर्म, भाषा, विज्ञापन, उपभोक्तावादी सामग्री, शिक्षा आदिको महत्त्वपूर्ण योगदान रहेको हुन्छ। यस कवितामा 'म' पात्रले प्रयोगमा ल्याएको अङ्ग्रेजी र नेपाली मिश्रित भाषा वर्णसङ्कर संस्कृतिको उदाहरण हो। कवितामा आएका शब्दहरू तथा कोडमिश्रित वाक्यहरू ब्याङ्क, गुड्विल, बिल्डिङ, इन्जीनियर, इलेक्सन, लेटनाइट पार्टी, ह्याङओभर, हि इज अ भेरी नायस पर्सन, अल्कोहलिक, यूनिट ट्रस्ट, पुस, प्लिज डायल अफ्टर सम टाइम, इट इज एन् आउटडेटेड कन्सेप्ट, डायबिटिज, यु टी आई, प्रेस्टिज, सो स्याड, इङलिस एक्सन आदिले समाजमा वर्णसङ्कर संस्कृतिको व्याप्तिलाई स्पष्ट पारेका छन्।

कविताले बिल्डिङ बनिन्छ?
कविताले छोरो इन्जीनियर हुन्छ?
(भण्डारी, इ सं २०१८, पृ-८३)

प्रस्तुत कवितामा 'म' पात्र उपभोक्तावादी संस्कृति, बजारवादले गर्दा स्वैरकल्पनामा रमाउन थालेको छ। कवितामा बिस्तारै नागर जीवनमा स्थित समाजको निर्माण पनि वर्णसङ्कर संस्कृतिसँगै हुँदै गएको पनि देखाइएको छ। मानिसको आदिम वासनायुक्त मानसिकता र आधुनिक टेक्नलजीले पनि वर्णसङ्कर संस्कृतिको निर्माणमा सहयोग पुऱ्याउँदछ। यसैले 'म' पात्रले कवितामा प्रश्न गर्छ–

कविताले मेरो डायबिटिज ठीक हुन्छ?
स्वास्नीको यु टी आई ठीक हुन्छ कविताले?
(भण्डारी, इ सं २०१८, पृ-८३)

### २.५ पश्चिमीकरण

जीवविज्ञानको एउटा सिद्धान्त नै बलियाहरू बाँच्दछन् भन्ने हो। विश्वमा बन्दुक र बाइबललाई अस्त्र बनाउँदै पश्चिमेली बलिया राष्ट्रहरूले सम्पूर्ण विश्वभरि नै उपनिवेशहरू बनाउँदै लगे। फलस्वरूप साम्राज्यवादी देशहरूले निर्धा देशहरूमा स्थापना गरेको शिक्षानीतिले गर्दा आफ्नै देश, संस्कृति र परम्पराप्रति अश्रद्धा उत्पन्न हुनथालेको थियो (उप्रेति, वि सं २०६८, पृ-७०)। भूमण्डलीकरणको यस सांस्कृतिक रूपान्तरणलाई साम्राज्यवादको नयाँ संस्करणसँगै कतिपय विद्वान्हरू अमेरिकीकरण भन्न पनि रुचाउँछन्। वर्तमान

समयमा अमेरिकाले तेस्रो विश्वका राष्ट्रहरूलाई दबाउने, थिच्ने कार्य गर्दै आएको छ। विश्वमा एकछत्र शासन स्थापना गर्नाका निम्ति आफूसित मात्रै शक्तिसञ्चय गर्न ऊ व्यस्त रहेको देखिन्छ (गिरी, वि सं २०७४, पृ–४१)। यसप्रकारको संस्कृतिले अन्य देशका संस्कृतिहरूलाई दबाउने कार्य गरेको देखिन्छ। यिनै संस्कृतिहरूको उत्थानका निम्ति प्रस्तुत कवितामा वर्णित पश्चिमेली वस्तुहरू जस्तै– मिल्स एन्ड बुन्स, हेरल्ड रबिन्स आदिले टेवा पुऱ्याइरहेको देखिन्छ। प्रस्तुत कवितामा 'म' पात्र क्षणिक समय पश्चिमेली अनुकरणलाई बिर्सेर आफ्नो युटोपियन संस्कृतिको स्मरण गर्ने सङ्घर्ष गर्दछ। जस्तै–

के हरे भानुभक्त होइन कवि भनेको।
(भण्डारी, इ सं २०१८, पृ–८२)

तर फेरि 'म' पात्र केही क्षणमा नै एकपछि अर्को पश्चिमेली सङ्कथनको जन्जालमा फँस्दै जान्छ।

सो स्याड, मेरो पप्पीले बिहानदेखि सू गरेको छैन।
(भण्डारी, इ सं २०१८, पृ–८३)

'म' पात्रले एकातिर परम्परादेखि मानेर ल्याएको धर्मलाई चट्ट छाड्न सकेको छैन। तर उसलाई धर्ममाथि त्यस्तो कुनै आस्था पनि छैन। यसैले 'म' पात्रले पूजा गर्ने काम क्यासेटलाई दिएको छ, दियोको काम विद्युतलाई नै दिएको छ (भण्डारी, इ सं २०१८, पृ–८२)। प्रस्तुत कविताबाट के बुझिन्छ भने 'म' पात्र व्यक्ति, सङ्गठन, समाज जस्ता व्यवस्थाहरूबाट टाढा बस्न चाहन्छ र बाह्य झिलिमिलीमा मात्रै रमाउन चाहन्छ।

**२.६ प्रभेद र अभेद**

प्रभेद र अभेद दुवै पारिभाषिक शब्दहरू भूमण्डलीकरणको सांस्कृतिक पक्षका सन्दर्भमा विरोधाभासी जस्तो देखिए तापनि वास्तवमा यी विरोधाभासी नभएर सहयोगी रहेका छन्। प्रभेदले आफ्नो सांस्कृतिक आत्मविर्सजनलाई देखाउँछ। यो एकप्रकारको विखण्डन हो र यसले भूमण्डलीकरणको वर्चस्वकारी प्रकियालाई सघाउँछ। अर्थात् यो धर्म, संस्कृति, जाति, भाषा आदिका नाममा विभेद, विद्वेष र विखण्डनतर्फ जान्छ (गिरी, वि सं २०७४, पृ–४३)। प्रभेद र अभेद दुवैले मानिसमा आफ्ना संस्कृति, साहित्यप्रति हेय दृष्टि राख्ने मानसिकता उत्पन्न गराउँदछन्। फलस्वरूप व्यक्तिलाई बजारअनुसार चल्ने योग्यको पात्र बनाउँदै स्वार्थनिहित संस्कृतिप्रति ध्यान आकर्षण गराउँदछन्। यस कवितामा कविले

शीर्षकदेखि नै भूमण्डलीकृत प्रभेदमूलक संस्कृतिलाई देखाउँदै आएका छन्। मान्छेको सभ्यतामा देखापरेका मूल्य विघटनका लक्षण कविताको शीर्षकले देखाएको छ। व्यङ्ग्यात्मक शैलीमा यसले कविताको उपादेयतामाथिको मन्थन गरेको छ। बेफुर्सदिलो मानिस वा पाश्चात्य संस्कृतिमा अल्झिएको व्यापारमुखीहरूले कवितालाई हृदयङ्गम गर्न सक्दैनन् वा चाहँदैनन् भन्ने तर्क कविताले देखाएको छ। उपभोक्तावादको प्रकोपमा जीवित व्यक्ति कला, दर्शन, साहित्य र उच्च आदर्श बोकेका अन्य सिर्जनाको अमूर्त र व्यापक सन्देशप्रति अविज्ञ रहेको पुष्टि यसले गरेको छ।

प्रस्तुत कवितामा साहित्यलाई हेय विषय ठान्नु, राजनीतिक चुनाउको परिणामलाई बेवास्ता गर्नु जस्ता कुराहरूले भूमण्डलीकरणको अभेदलाई सहयोग पुऱ्याएको देखिन्छ। कुनै पनि व्यक्तिले आफ्नो सांस्कृतिक आत्मविर्सजन नबढाई भूमण्डलीकरणको समरूपीकरणको परियोजना सम्भव देखिँदैन। मूलतः यस्तै विषयहरू सङ्गठित भएर नै दुई भिन्नभिन्न संस्कृतिबिच द्वन्द्व बढाउने रणनीतिहरू बनिँदै जान्छन्। यस्ता प्रक्रियालाई सक्रिय बनाउनाका पछाडि पुँजीवादी निर्माता, बहुराष्ट्रिय कम्पनीहरूका बलिया योजनाहरू हुन्छन्। पारदेशीय (ट्रान्सनेसनल) एवम् बहुराष्ट्रिय संस्थाहरूलाई जीवन्त राख्ने काम सूचना र सञ्चारद्वारा सम्पन्न हुन्छ। एकातिर मानिस कुनै पनि वस्तु सजिलैसित प्राप्त गर्न खोज्छ, अत्याधुनिक हुन रुचाउँछ भने अर्कातिर आदिम वासनायुक्त मनोविज्ञानको सहायताले भूमण्डलीकृत संस्कृति निर्माण गर्नमा सहयोग गर्दछ। जस्तै–

स्वास्नीको यू टी आइ ठीक हुन्छ कविताले
...
बरू पढ्छु डर्टी जोक्स, कमिक्स्।
(भण्डारी, इ सं २०१८, पृ–८३)

## २.७ व्यक्तिवाद

प्रस्तुत कवितामा 'म' पात्रको मनोदशा खण्डित प्रकारको देखिन्छ जो कानुन, मानवअधिकार, साहित्य, ईश्वर जस्ता केन्द्रलाई हटाउन प्रयास गर्दछ। यस्ता केन्द्रबाट विमुख भएर 'म' पात्रले अर्को केन्द्र स्थापना गर्न चाहन्छ– त्यो हो 'म' –को केन्द्र। कवितामा 'म' पात्र आफूलाई स्वतन्त्र तथा स्वपूर्ण बनाएर उन्माद (अलगाव)–को जीवन जिउनमा मस्त हुन्छ। यसैले ऊ आफ्नो आत्मतुष्टिका लागि वा निजस्व सुख–सुविधा प्राप्त गर्नाका निम्ति आफ्नो भविष्यको गन्तव्यलाई पनि उज्यालो बनाउने कार्यमा ढुक्कसँग बसेको हुन्छ। जस्तै–

ग्वालियरमा छोरो पढ्दैछ।
आएर ठूलो मान्छे हुन्छ।
म त्यसको बाउ पनि ठूलै हुन्छु।
(भण्डारी, इ सं २०१८, पृ – ८१)

आधुनिक विश्वमा लोकतन्त्र र लोकतान्त्रिक मूल्यले सर्वोपरि महत्त्व पाएपछि मानिसलाई उच्चतम मूल्य मान्ने र मानिसको स्वतन्त्रता र उसको चौतर्फी विकासको धारणालाई पक्षपोषण गर्ने चिन्तन पनि अगाडि आयो। आधुनिक मूल्यको सार भनेको बुद्धिवादी हुनामा नै रहेको देखिन्छ। मानिसले बुद्धिवादी हुन खोज्दा सांसारिक लौकिकता, विज्ञान र सुखको आकाङ्क्षालाई प्रमुखता दिन्छ। जस्तै–

बैङ्कमा गएर अलिकति प्रेम झिक्छु।
पत्नीको गुडविल कायम भइहाल्छ।
कि त पुरानो एल्बमको फलैँचातिर
कलेज पढ्दाकी प्रेमिकालाई भेट्न जान्छु।
(भण्डारी, इ सं २०१८, पृ–८१)

यसरी कवितामा उल्लिखित युक्तिसङ्गत तथा सुव्यवस्थित विचारधारा र व्यवहारले व्यक्तिको सामाजिक क्रियाकलाप र व्यवहारमा फलदायी परिणाम ल्याउँछ भन्ने कुरामा 'म' पात्र पूर्णत: विश्वस्त हुन्छ।

यसरी व्यक्तिवाद र व्यक्तिवादी संस्कृति बजार र उपभोक्तावादी दर्शनको अनुकूल हुन्छ र यसले विलक्षण ढङ्गमा बजारवाद, उपभोक्तावादलाई सघाउँछ। भूमण्डलीकरणद्वारा निर्मित यथार्थको प्रतिबिम्बन र त्यसका नकारात्मक पक्षको परोक्ष आलोचना प्रस्तुत कवितामा देखाइएको छ। भूमण्डलीकरणको मूलमा पुँजीवादी हित हुन्छ र व्यक्तिवाद त्यसको प्राप्तिको एउटा प्रमुख आधार बनेको देखिन्छ।

बजार जानु छ। युनिट ट्रस्टबाट पैसा झिकेर
ब्रुक बोण्ड टीको शेयरमा लाऊँ कि क्या हो।

त्यो अस्तिको फायल पनि अड्किराखेको छ।
मिस्टर 'क'– लाई भनेर त्यो पुस गराइहाल्नु छ।
(भण्डारी, इ सं २०१८, पृ–८१–२)

यसबाहेक कवितामा 'म' पात्रकै ध्याउन्न भनेको विलासतिर छ। हिजोको ह्याङओभर मेटाउने र थप मदिरातिर छ। नयाँ कम्पनीको शेयर किन्नुतिर छ। उसको चिन्ता, उसको पप्पीले बिहानदेखि सू नगरेकोमा छ। ऊ कविताले प्रेस्टिज बढाउँदैन भन्नेमा प्रस्ट छ।

## ३ निष्कर्ष

यस कवितामा उल्लिखित स्थिति र वस्तु, राजनीतिक र सांस्कृतिक पक्ष भूमण्डलीकरणले भित्र्याएका विषयहरू हुन्। यसमा प्रयोग गरिएका वस्तुहरू सामयिक छन्, सशक्त छन् र मानिस आफ्नो बिर्सेका अस्मिता जागृत पार्न तत्पर पनि छन्। यस कवितामा सामाजिक–सांस्कृतिक चेतना फैलाउने कुराहरूलाई केन्द्रमा राखेर, त्यसको सकारात्मक र नकारात्मक दुवै पक्षलाई देखाइएको छ। कवितामा 'म' पात्रले आफ्नो रक्षाका निम्ति आफूलाई नष्ट गर्न खोज्ने व्यवस्थालाई चुनौती दिएको देखिन्छ। यसरी नै कवि प्रस्तुत कवितामा आफ्ना भाषा, साहित्य, संस्कृति, राष्ट्रिय चेतना जस्ता कुनै पनि विषयवस्तुलाई अस्त्र झैं बनाएर स्वअस्तित्व र मान्छेको सभ्यतामा देखापरेका मूल्य विघटनाका क्रियाकलाप देखाउन चाहन्छन्। पुँजीले नै निर्माण गर्दै गरेको अद्यावधिक विश्वासलाई भण्डारीले स्वीकार गरेका छन्। अप्रत्यक्ष रूपमा कविले पुँजीसञ्चयका सन्दर्भमा सामूहिकतालाई स्वीकार गर्दै स्वमौलिकता, संस्कृति, साहित्यको अवलोकन पनि गरेका छन्।

राजेन्द्र भण्डारीले प्रस्तुत कवितामा गायत्री स्पिवाक (इ सं १९९०, पृ–१०२)–ले प्रयोगमा ल्याएको 'रणनीतिक अनिवार्यता'–को अवधारणालाई स्वीकार गरेको देखिन्छ जसअन्तर्गत पाठक वा विचारकमाथि आफ्नो मौलिक सिर्जनशील विषयवस्तु र अस्तित्वका परिधिबारे आफै प्रश्न उठाउनुपर्ने र आफै तर्क लिनुपर्ने जिम्मावारी छाडिएको हुन्छ। मूलत: कवि प्रस्तुत कवितामा समसामयिक विषयवस्तुलाई समावेश गरी पाठककेन्द्रित जिम्मावारी प्रस्तुत गर्दछन्। पलपल बदलिरहेको विश्व परिवेश, बढ्दो उपभोक्तावाद र ह्रासोन्मुख मानवतावादको अगाडि उभिएको सिर्जनाका भयावह वर्तमानको एउटा वीभत्स दृश्यबिम्ब प्रस्तुत कविताले प्रस्तुत गरेको छ। कविता किन लेख्ने भन्ने कुरामाथि नयाँ कोणले बहस गर्नुपर्ने आवश्यकता कविले पाठकसामु राखेका छन्।

प्रस्तुत कविता कविको साहित्य सृजनको भावबाट प्रभावित हुँदाहुँदै विवेकबाट पनि उद्भासित भएको छ। मूलत: यस कवितामा प्रयुक्त भाषा कवि संवेदनाबाट प्रकट हुँदाहुँदै अधिकांश पङ्क्तिहरूमा कोड मिश्रण पनि गरिएको छ। निश्चय नै उल्लिखित भाषान्तरणले कवितामा छुट्टै विस्मय वा विचित्रताको अनुभव समाहित गरिदिएको छ। तर पश्चात्य सांस्कृतिक प्रवृत्तिलाई चिनाउन फेरि पश्चात्य वर्चस्वयुक्त भाषाको कोडमिश्रण प्रयोग गरेर भूमण्डलीकृत संस्कृति देखाउनु प्रस्तुत कविताको कथ्यपरक पाटो मान्न सकिन्छ।

## सन्दर्भ


१ उप्रेती सञ्जीव, वि सं २०६८, **सिद्धान्तका कुरा**, तेस्रो संस्करण, काठमाडौँ, अक्षर क्रिएसन्स्।

२ गिरी अमर, वि सं २०७५, **साहित्य विमर्श**, काठमाडौँ, भृकुटी एकेडेमिक पब्लिकेसन्स्।

३ गिरी अमर, वि सं २०७४, **भूमण्डलीकरण र साहित्य**, काठमाडौँ, भृकुटी एकेडेमिक पब्लिकेसन्स्।

४ कावरा कमलनयन, इ सं २०१०, **भूमण्डलीकरण**, नयाँ दिल्ली, प्रकाशन संस्थान।

५ गङ्गोपाध्याय सुनील (सम्पा), इ सं २०११, **समकालीन भारतीय साहित्य** (भूमण्डलीकरण विशेषाङ्क), नयाँ दिल्ली, ...।

६ सुब्बा मनप्रसाद र रेमिका थापा (सम्पा), इ सं २०११, **किनारा विमर्श**, दार्जिलिङ, गामा प्रकाशन।

७ नेपाल घनश्याम, इ सं २०१४, **विधा विविधा**, कालेबुङ, उपमा प्रकाशन।

८ भण्डारी राजेन्द्र, इ सं २०१८ (दोस्रो सं), **क्षर/अक्षर**, कालेबुङ, शताब्दी प्रकाशन।

९ Spivak Gayatri Chakravorty,1990, **The Post-Colonial Critics Interviews, Strategies, Dialogues**, Sarah Harasym (edited), New York, Routledge

१० Steger B. Manfred  Ravi K. Roy, 2010, **Neoliberalism: - Very Short Introduction**, Oxford, Oxford University Press

११ Nayar Pramod K, 2011, Contemporary Literary and Cultural Theory, New Delhi, Longman Publication


•